२) समाज स्पर्श समिति कर्मचारी नियमावली २०६६ को तेस्रो संसोधन २०७१

३) समाज स्पर्श समिति आर्थिक प्रशासन नियमावली २०७० को दोस्रो संसोधन २०७१

४) समाज स्पर्श समितिको ५ वर्षे दिर्घकालीन रणनीतिक योजना २०७०

## संस्थागत संरचना:

- साधारण सभा
- कार्य समिति ↔ सल्लाहकार समिति
- अध्यक्ष ↔ उप-समितिहरु
- कार्यालय प्रमुख/कार्यक्रम संयोजक ↔ स्रोत व्यक्तिहरु
- लेखा तथा प्रशासन अधिकृत | कार्यक्रम अधिकृत | तालिम संयोजक
- लेखा तथा प्रशासन सहायक | सामाजिक परिचालक
- कार्यालय सहयोगी | सहजकर्ता

### वर्तमान कार्य समिति

अध्यक्ष - लवकुमार श्रेष्ठ
उपाध्यक्ष- मुना श्रेष्ठ
सचिव - रामकुमार दाहाल
सह-सचिव - गोपालकृष्ण राई
कोषाध्यक्ष - ध्रुवकुमार जोशी
सदस्य - कालीबहादुर लिम्बु
सदस्य - रमेश बराईली
सदस्य - कुश श्रेष्ठ
सदस्य - योगेन्द्र शर्मा न्यौपाने
सदस्य - सूर्यबहादुर दाहाल
सदस्य - गोविन्दमान तामाङ्ग

### विस्तृत जानकारीका लागि

समाज स्पर्श समिति, चैनपुर न.पा. १०
संखुवासभा जिल्ला कोशी अञ्चल नेपाल
फोन नं. ०२९-५७०३९
इमेल: thesocietytouch@yahoo.com
सम्पर्क व्यक्ति: लवकुमार श्रेष्ठ, अध्यक्ष
फोन: ०२९-५७०११०, मो.९८५२०५१११०
भलाभिषण यम्वा शाक्य, कार्यक्रम संयोजक
फोन नं.:०२९-५७०२७३ मो:९८५२०५१२७३
इमेल:
shakyabhishan@yahoo.com
bhishan.chainpur@gmail.com



Figure 1 Awareness raising to right holders through REFLECT Center Mobilization



Figure 2 Inter Primary School Level TOUCH running shield competition



Figure 3 Coordination with stakeholders at district level

ग्रामीण जीवीकोपा[illegible] समतामुलक र सर्वाङ्गिण विकास






# समाज स्पर्श समिति

# The Society Touch (TOUCH)

चैनपुर







© – SaveTheSchool. All rights reserved

## पृष्ठभुमि/परिचय:

समाज स्पर्श समितिको स्थापना २०५४ फाल्गुण २४ गते संखुवासभा जिल्लाको चैनपुर गा.बि.स.मा भएको हो। यस संस्थाको स्थापना चैनपुर गा.बि.स. बार्ड नं. २ का स्थानीय यूवाहरुको एक समुहको रुपमा चैनपुर गा.बि.स.को वार्डनं. २ मा मरिमराउ पर्दा रु. २१ समुदायका घरधुरीबाट उठाएर सहयोग गर्ने कामबाट प्रारम्भ भयो। स्थानीय यूवाहरुको उक्त समुहको सक्रियतामा सामाजिक परिवर्तन र बिकासका लागि बिभिन्न गतिबिधिहरु समुदायमा संचालन हुनथाले।

समय संगै यस समुहले मरिमराउ पर्दा मात्र सहयोग गर्ने हैन अन्य सामाजिक काममा पनि लाग्नुपर्छ भन्ने कुरालाई मनन गरि समुदायलाई संगठित गर्न समुह गठन गर्नेर बाटो घाटो कुवाधारा सरसफाई, झाडापखाला तथा निमोनिया संबन्धी ग्रामीण बस्तीहरुमा अभिमुखीकरण तथा सचेतीकरणका कृयाकलापहरु संचालन गर्ने, आमा समुह गठन तथा परिचालन लगायतका कार्यहरु गर्दै आफ्नो गतिबिधि समुदाय स्तरमा संचालन गऱ्यो जसले गर्दा यो समुह समुदाय तहमा चिनिन थाल्यो।

आफ्ना गतिबिधिहरु बृद्धि संगै कृयाकलापहरुलाई व्यवस्थित रुपमा संचालन गर्दै समुदायको सर्वाङ्गिण विकास हेतु एक गैर नाफामुलक, गैर राजनैतिक चरित्रको बिशुद्ध संगठित संस्थाको रुपमा यस समुहलाई विकास गर्नुपर्ने आवश्कता महशुस गरि २०५७ साल असार २० गते संस्था दर्ता ऐन २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालय संखुवासभामा दर्ता (दर्ता नं. ११७/०५६/०५७) भई संखुवासभा जिल्लामा कृयाशिल रहेको छ।

## संस्थाको परिकल्पना, ध्येय, लक्ष्य र उद्धेश्य

### परिकल्पना:

ग्रामीण जीवीकोपार्जन सुधार तथा समुदायको समतामुलक र सर्वाङ्गिण बिकास।

### ध्येय:

समुदायमा सामाजिक परिचालन, उद्यमशीलता बिकास, सहकारीकरण तथा आय आर्जन, समाबेशीकरण, सशक्तिकरणका माध्यमबाट जीवीकोपार्जनमा सुधार ल्याउनु नै यस संस्थाको प्रमुख ध्येय रहेको छ।

### उद्धेश्य:

१. संस्थाका कार्यक्षेत्र भित्रका विपन्न परिवारको आर्थिक उन्नतिका लागि रोजगारमुलक आयमुलक सेवामुलक तथा बचत कार्यक्रमहरु संचालन गर्ने।
२. प्राकृतिक तथा मानवजन्य विपद् र जलवायु परिवर्तनको असरबाट जिविकोपार्जनमा पर्ने नकारात्मक असरलाई कम गर्दै उत्थानशिल समुदाय निर्माण गर्ने। (संस्थाको ११ औं साधारण सभाबाट संसोधन गरिएको)
३. समुदायमा हुने गरेका र हुन सक्ने बिकृति बिसंगतिहरु रोक्न आम रुपमा पहल गर्ने।
४. ग्रामीण शिक्षा/साक्षरता, स्वास्थ्य, खेलकुद, कला, संस्कृति तथा साहित्यिक बिकासका लागि कार्यक्रमहरु संचालन गर्ने।
५. पर्यावरणीय सन्तुलन, जैबिक बिबिधता, बन्यजन्तु संरक्षण र सम्वर्धन हेतु बन क्षेत्रको संरक्षण र बनको बिकास सम्बन्धि कार्यक्रमहरु संचालन गर्ने।
६. महिला,दलित, पिछडिएको वर्ग, समुदाय, आदिवासी जनजाति, अल्पसंख्यक, बञ्चितिकरणमा पारिएको वर्ग, विपन्न, युवा तथा बालबालिकाको उत्थान तथा विकासका लागि उनिहरु संगै रहेर कार्य गर्ने। (संस्थाको ११ औं साधारण सभाबाट संसोधन गरिएको)
७. ग्रामिण उर्जा तथा नविकरणीय उर्जा विकास सम्बन्धि कार्यक्रम र क्रियाकलापहरु संचालन गर्ने।
८. ग्रामीण बिपन्नहरुको जीवीकोपार्जन सुधार गर्न आयआर्जन तथा उद्यमविकास सम्बन्धि कार्यक्रमका साथै अन्य आवश्यकीय कृयाकलापहरु संचालन गरी उनीहरुको जीवनस्तरमा क्रमिक सुधार ल्याउने।
९. जातीय, लैंगिक, वर्गिय, धार्मिक, संस्कृति तथा सामाजिक, भौगोलिकताका आधारमा हुने कुनै पनि प्रकारका नकारात्मक विभेद विरुद्ध बहस, पैरवी गर्ने तथा अभियानहरु सञ्चालन गर्ने। (संस्थाको ११ औं साधारण सभाबाट थप गरिएको)
१०. पर्यटन प्रबर्द्धन तथा पर्यटकिय क्षेत्रको विकास गर्न आवश्यकीय कार्यक्रम तथा कृयाकलाप संचालन गर्ने। (संस्थाको ११ औं साधारण सभाबाट थप गरिएको)

## कार्य संचालन रणनीतिहरू

क. संस्थाका कार्यक्रमहरु विपन्न तथा बिभेदमा पारिएका बर्गको पहुँच सुधारका लागि संचालित हुनेछन्।
ख. संस्थाका कार्यक्रमहरुले महिला, दलित, बालबालिका, युवा, सिमान्तकृत तथा बिपन्न बर्गको हितलाई लक्षित गर्नेछ।
ग. संस्थाका कार्यक्रमहरु मानव अधिकार तथा समावेशीकरणको सिद्धान्तहरुलाई आधार मानेर गरीव तथा सिमान्तकृत बर्गको अधिकारको रक्षा तथा अभिबृद्धि गर्ने तर्फ लक्षित हुनेछ।
घ. संस्थाका कार्यक्रमहरु लक्षित बर्गको चाहना तथा आवश्यकताका आधारमा उनीहरुको समतामुलक बिकासका लागि हुनेछ।
ङ. संस्था दिगो बिकासमा विश्वास राख्दछ र यसका गतिविधिहरु पनि दिगो विकासको सिद्धान्त अनुसार नै अगाडि बढ्नेछन्।
च. संस्था र संस्थाका कार्यक्रमहरु पारदर्शि र जवाफदेहि हुनेछन्।

## संस्थाको संचालन प्रकृया:

संस्थाको सवैभन्दा माथिल्लो निकायको रुपमा साधारण सभा रहेको छ। संस्थामा मानार्थ, आजिवन र साधारण गरी जम्मा ३ प्रकारको सदस्यताको व्यवस्था रहेको छ। जसमध्ये हाल संस्थाको जम्मा सदस्य संख्या २९ रहेको छ। जसमध्ये आजिवन सदस्य २२ जना, साधारण सदस्य ७, जना रहनु भएको छ। संस्थाको नीति निर्माण तहको कार्यगर्ने साधारण सभा बर्षमा न्युनतम १ पटक हुने गर्दछ भने आवश्यकता अनुसार बिचमा बिशेष साधारण सभा पनि गर्न सकिने व्यवस्था रहेको छ। संस्थाका नियमित कामकाजलाई संचालित बनाउन ११ जनाको कार्यसमिति रहेको छ जसले संस्थाको विधानबाट प्रत्यायोजित अधिकार प्रयोग गरि साधारण सभाले निर्दिष्ट गरेको कामलाई परिणाम दिने गर्दछ।

## रणनैतिक लक्ष्यहरू:

१) मानवअधिकार प्रबर्द्धन
२) सामाजिक परिचालनका माध्यमबाट समुदाय सशक्तिकरण
३) आयआर्जन, उद्यमशीलता बिकास, ब्यबसायिकीकरण तथा बजारीकरण
४) संस्थाको भौतिक तथा मानवीय संसाधन विकास
५) सरोकारवाला निकायहरुसंग नियमित र निरन्तर समन्वय
६) स्थानीय सहभागितामा स्थानीय श्रोतहरुको उपयोग
७) अधिकारको पैरवी
८) सामाजिक न्याय
९) समावेशीकरण र सुशासन

## मुल्य तथा मान्यता

१) पारदर्शिता, निष्पक्षता र जवाफदेहिता
२) श्रमको सम्मान
३) आत्मसम्मान
४) मानवअधिकारको सम्मान
५) सुशासन
६) भेदभाव रहित

## लक्षित बर्ग

१) महिला
२) दलित
३) सिमान्तकृत आदीबासी जनजाति
४) बिपन्न, भुमिहिन किसान,
५) बालबालिका

## कार्यक्षेत्र

यस संस्थाको कार्यक्षेत्र संखुवासभा जिल्ला भरी रहेको छ। तथापि हाल लक्षित कार्य क्षेत्रको रुपमा चैनपुर नगरपालिका, माम्लीङ्ग, आँखिभुई, जलजला तथा सभापोखरी गा.बि.स.हरुमा क्रियाशिल रहेको छ।

## प्रमुख साझेदार संस्थाहरू:

१) एक्सन एड अन्तर्राष्ट्रिय नेपाल
२) मानवअधिकार मञ्च इलाम
३) सेभ द स्कुल फाउण्डेशन यु.के.
४) विनोद न्यौपाने

## संचालित कार्यक्रमहरू:

१) स्थानीय अधिकार कार्यक्रम (चैनपुर नगरपालिका)
२) बालअधिकार तथा शान्ति शिक्षा कार्यक्रम (चै.न.पा., माम्लीङ्ग, आखिभुई, जलजला तथा सभापोखरी गा.बि.स.हरु)
३) बिद्यालय सुधार कार्यक्रम (चैनपुर, न.पा.वार्डनं. ८,९,१०,११)

## संस्थागत दस्ताबेजहरू:

१) समाज स्पर्श समितिको बिधान २०५७ दोस्रो संसोधन २०७०

© – SaveTheSchool. All rights reserved